महाकाली नगरपालिका
Mahakali Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
खलंगा दार्चुला,सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga Darchula, Sudurpashchim Province, Nepal

प.स. ०७८/०७९
च.न. 656

मितिः २०७८/०९/०७

विषयः विद्यालय कर्मचारी तथा करार कर्मचारीको उमेर हद सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु
महाकाली नगरपालिका दार्चुला ।

उपरोक्त विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च. नं. ७४ मिति २०७८/०६/१९ को पत्रको छायाँप्रति यसैसाथ संलग्न गरिएको छ । उक्त पत्रमा उल्लेखित व्यहोरा अध्ययन गरी सोही बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

(डा. विजय भूर्तेल)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना प्रविधि शाखाः पत्र कार्यालयको वेभसाइटमा अपलोड गरिदिन हुन ।

ईमेलinfo@mahakalimun@gov.np, mmdarchula@gmail.com, website
www.mahakalimundarchula.gov.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०७८/०७९ शि व्य
च.नं. ७४

मितिः २०७८/०६/१९

विषयः विद्यालय कर्मचारी तथा करार कर्मचारीको उमेर हद सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै।
श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयमा कार्यरत सहयोगी कर्मचारी, लेखामा काम गर्ने कर्मचारी, बालविकास शिक्षक तथा शिक्षा विकास तथा समन्वय इकाईमा कार्यरत करार तथा अस्थायी सेवाका कर्मचारीको उमेर हदको विषयमा बारम्बार सोधनी भइरहेको सन्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०६/०८ को (सचिवस्तरीय) निर्णयानुसार देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

(१) सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको उमेर हद सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०६९/०८/१० (माननीय मन्त्रीस्तरीय) निर्णयानुसार शिक्षक सरह ६० वर्ष हुन निर्देशन भैसकेकोले सामुदायिक विद्यालयमा कार्यरत विद्यालय प्रशासन, लेखा र सहयोगी कर्मचारी तथा अस्थायी शिक्षकको सेवामा रहने अधिकतम उमेर हद ६० वर्ष कायम गर्ने;

(२) प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालिका तथा सहयोगीहरुको उमेर हद पनि शिक्षक सरह नै हुने गरी ६० वर्ष कायम गर्ने;

(३) शिक्षा विकास तथा समन्वय इकाई लगायत अन्य सरकारी निकायमा कार्यरत कार्यालय सहयोगी, पाले, चालक, सरसफाईकर्मीको उमेर हद सम्बन्धी अष्पष्टता भए निजामती कर्मचारी सरह हुने गरी ५८ वर्ष कायम गर्ने;

(४) करारमा नियुक्ति हुने वा सेवा करार लिँदा गरिने करार सम्झौतामा प्रष्ट हुने गरी कानुन बमोजिम गर्ने गराउने ।

बसन्त प्रसाद कोइराला
निर्देशक

<u>बोधार्थ</u> :
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।